यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक ५९ ○श्रेणी 'क' ○२०७२ मंसिर ११ गते शुक्रबार ○ 27 Nov. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

**खुशीको खबर !!!**
योग निद्रा सिकेर आफूलाईँ रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## कास्की जिविसको बेरुजु चिन्ताजनक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

जिल्ला विकास समिति कास्कीको पेस्की बेरुजु क्रमश: बढ्दो छ । अघिल्लो एक बर्षको अवधिमा मात्रै करिब चार करोड रुपैयाँ बेरुजु रकम थपिएको थियो । आर्थिक बर्ष २०७०/७१ मा मात्रै तीन करोड ८६ लाख रुपैयाँ बेरुजु थपिएको जिविस कास्कीले जनाएको छ । जिल्ला भित्रका विभिन्न योजनाका नाममा पेश्की रकम लिएर निश्चित समयसीमामा फरफारक नगर्ने परिपाटी मौलाउँदै जाँदा बेरुजु बढ्दै गएको हो । कास्कीको सबैजसो गाविसमा पेश्की बेरुजुको अवस्था चिन्ताजनक नै छ । राजनीतिक दबाबमा योजनाको छनोट हुनु र दलहरूको भागबण्डा नीतिअनुसार विभिन्न व्यक्ति र उपभोक्ता समितिका नाममा हचुवाका भरमा पेश्की दिइने परिपाटीले बेरुजु बढेको हो । पेश्की लिएर फरफारक नगराउनेमा जिविसकै कर्मचारीहरु समेत छन् । अनुगमन र मूल्याङ्कन प्रणालीको अभाव एवम् राजनीतिक दलहरूको भागबण्डा नीतिले फरफारक गरिएको योजनामा समेत काम नभई कागज मात्र मिलान गरिएको सरोकारवालाहरु बताउँछन् । उपभोक्ता समिति बाहेक टेन्डर प्रक्रियाबाट सम्पादन भएका काम र सम्बन्धित ठेकेदारलाई दिइएको रकमबारे समेत उपल्लो तहबाटै अनुगमन र मूल्याङ्कन गराई नियमविपरित कामलाई कार्बाहीको विषय नबनाइएसम्म बेथिति नघट्ने जिविसकै कर्मचारीहरु बताउँछन् ।

यस्तै गत एक बर्षको अवधिमा कार्यालयले ६ करोड ३४ लाख रुपैयाँ पेश्की फस्र्यौट गरेको छ । आब २०६९/७० सम्मको ५ करोड ३५ लाख र त्यसपछिको ९९ लाख रुपैयाँ गरी ६ करोड ३५ लाख रुपैयाँ पेश्की बेरुजु फस्र्यौट गरेको हो । यसमा सबैभन्दा धेरै पोखरा उपमहानगरपालिकाले ५ करोड ३५ लाख ४० हजार रुपैयाँ फस्र्यौट गरेको छ भने बाँकी रकम जिल्ला विकास समितिको नियमित

*बाँकी अन्तिम पृष्ठमा......*



जिल्ला विकास समितिले बिहीबार आयोजना गरेको पूर्व योजना तर्जुमा गोष्ठीमा सहभागी स्थानीय विकास अधिकारी रामचन्द्र तिवारी लगायत । कार्यक्रममा कास्कीको आगामी योजनाबारे छलफल भएको थियो ।तस्वीर : गोल्डेन न्यूज

## पर्यटकीय सम्भाव्यता अनुरुप योजना ल्याउन सुझाव

*जिल्ला विकास समिति कास्कीद्वारा आयोजित पूर्वयोजना तर्जुमा गोष्ठीमा वक्ताले योजना तर्जुमा गर्दा यहाँको पर्यटकीय सम्भाव्यतालाई दृष्टिगत गरी योजना छनोट गर्न जोड दिएका छन् । पर्यटन कास्की जिल्लाको विशिष्ट पहिचान भएको भन्दै वक्ताले विभिन्न कारणबाट यहाँको सौन्दर्य ओझेलमा पर्दै गएको भन्दै सौन्दर्य कायम राख्दै थप पर्यटकीय सम्भावनालाई उजागर गर्नुपर्नेमा जोड दिए । गोष्ठीमा सांसद शारदा पौडेलले पर्यटन कास्कीको महत्वपूर्ण पहिचान भएको बताउँदै फेवातालसहित लेखनाथ नगर क्षेत्रका सात तालको संरक्षण र विकास अपरिहार्य भएको बताइन । राजनीतिकरणले विकास प्रभावित हुन नहुने उल्लेख गर्दै उनले जिल्लाको विकासका लागि सबैको सकारात्मक सहयोग अपरिहार्य हुने बताइन। उपत्यका नगर विकास समितिका अध्यक्ष प्रकाश खनालले कास्कीका पर्यटकीय सम्भाव्यतालाई उजागर गर्ने गरी बृहत्तर गुरुयोजना निर्माण गरिनुपर्ने बताए ।*
*विश्वबाट यहाँका ताल तलैया हेर्नका लागि पर्यटक आउने गरेको बताउँदै उहाँले यिनीहरूको संरक्षण र विकास समेतलाई दृष्टिगत गरी योजना छनोट गरिनुपर्ने धारणा राखे । नेकपा एमाले कास्कीका सचिव दामोदर बैरागीले कास्कीलाई पर्यटकीय गन्तव्य बनाउने योजना राखिए पनि अपेक्षित रुपमा त्यसको कार्यान्वयन बढ्न नसकेको बताए । विकास निर्माणका लागि सांसद निर्वाचन क्षेत्र विकास कोषको रकम जिल्ला विकास समितिसँग समन्वय नभइ पहुँचका आधारमा वितरण हुने गरेका कारण त्यसको सही सदुपयोग हुन नसकेकामा उनको जोड थियो । नेकपा(माले) कास्कीका सचिव होमनाथ गिरीले कास्कीको पर्यटनलाई प्रवर्द्धन गर्न जिल्लालाई विद्युत् भार कटौटीमुक्त बनाउन लघु विद्युत् योजना, सौर्य ऊर्जालगायतमा विशेष ध्यान दिनुपर्ने बताए । समाजसेवी कालिदास सुवेदीले ताल कास्की जिल्लाको सौन्दर्य भएको र संरक्षणको अभावमा यो सौन्दर्य मेटिने अवस्थामा पुगेकाप्रति सबैको ध्यान जानु आवश्यक हुने बताए । संरक्षणकै अभावमा रुपातालको अस्तित्व मेटिने अवस्थामा पुगेको चर्चा गर्दै उहाँले जिल्लाका सौन्दर्य बचाउन आगामी योजनामा तिनको संरक्षण र विकासलाई उच्च प्राथमिकता दिनुपर्ने उल्लेख गरे । जिल्ला विकास समिति कास्कीका योजना अधिकृत कीर्तनराज पौडेलले जिविसले सहभागितामूलक तवरबाट योजना छनोट कार्यलाई अघि बढाउने बताए । कार्यक्रममा स्थानीय शान्ति समितिका संयोजक रामजी बराल, महिला समन्य समिति, कास्कीकी उपाध्यक्ष तारा अधिकारी, महिला विकास अधिकृत लक्ष्मी जिसी, ज्येष्ठ नागरिक वसन्तकेशव पराजुली, गैरसरकारी महासङ्घ कास्कीका अध्यक्ष गोपाल खड्कालगायतले योजना छनोट गर्दा लक्षित वर्ग र समुदायमा पुग्ने तवरबाट छनोट गरिनुपर्नेमा जोड दिए। स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले कास्कीको पर्यटकीय विकासमा महत्वपूर्ण स्थान ओगट्ने फेवातालसहित लेखनाथका तालको संरक्षणका लागि गृहकार्य भइरहेको बताए । उनले सबै वर्ग र समुदायबाट प्राप्त सुझावका आधारमा योजना छनोट कार्यलाई निष्कर्षमा पुऱ्याइने विश्वास व्यक्त गर्दै यसका लागि सबैको सकारात्मक सहयोग अपरिहार्य भएको बताए । जिविस कास्कीले प्रत्येक ईलाकालाई १० लाख दिने प्रस्ताव गरेको छ भने उर्जाका वैकल्पीक उपाय तर्फ ध्यान जाने भएको कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले बताए । उनले भने-'बायो, विग्रेड, सौर्य लगायतका उर्जाको विकल्प हामीले सोच्दै छौं ।' यसैबीच जिल्ला विकास समिति कास्कीको आगामी बर्षको लागि करिब ७२ करोडको श्रोत अनुमान गरीएको छ । अनुमानित श्रोत ७२ करोड ८ लाख ५ हजार ३ सय रहेको जनाएको हो । जिविस कास्कीका अनुसार नि:शर्त पुँजीगत अनुदान ५ करोड ७३ लाख ८२ हजार ६ सय रहेको छ । त्यसै गरी सशर्त पुंजीगत अनुदानमा ४५ करोड १७ लाख ४४ हजार ७ सय रहेको छ । गाविस अनुदानबाट १० करोड ३ लाख ७८ हजार अनुमानित गरिएको छ भने आन्तरिक आय गाविसबाट १ करोड ६० लाख, आन्तरिक आय जिविसको ९ करोड ५३ हजार अनुमान गरिएको छ ।*

## पश्चिमाञ्चलमा इन्धन आपूर्ति सहज बनाउन प्रयत्न गर्छु–प्रशासक अधिकारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

पश्चिमाञ्चलका क्षेत्रीय प्रशासक केदारबहादुर अधिकारीले आपूर्ति असन्तुलित भएको बारे सरकारलाई जानकारी गराएको भन्दै पश्चिमाञ्चलमा सहज आपूर्ति व्यवस्था मिलाउन आफू लागि परेको बताएका छन् । मुलुकको अहिलको समस्या राजनीति भएको उल्लेख भन्दै उनले राजनीतिक समस्या समाधान नभएसम्म जनताको चुल्हो सहज नहुने स्पष्ट पारे ।



क्षेत्रीय प्रशासक भएका हालै पोखरा आएका उनलाई पोखरा उद्योग वाणिज्य संघले स्वागत, सम्मान तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा बोल्दै उनले पोखरामा दाउरा वितरण गरिने सम्भावना रहेको बताउँदै हरेक परिवारलाई कार्डको व्यवस्था गर्न सके इन्धन पाउने अवस्था आउने भएकाले त्यसका लागि पहल गरिने जानकारी दिए । पोखरामा संचालित राष्ट्रिय गौरवका परियोजनाहरुको चर्चा गर्दै उनले बृहत पोखराको नक्सा तयार नपारेसम्म अन्य परियोजना अगाडि सार्न गाह्रो भएको बताए । 'पोखरा गौरवका सबै परियोजनाको अवधारणा ठीक छ तर त्यसको काम नै सुरु भएको छैन',उनले भने,-' कसैले समाजसेवा गर्छ भने ठीकै छ, नभए मनोगत आधारमा अन्तर्राष्ट्रिय स्तरको चिडियाखाना बन्दैन ।' पोखरा र समग्र पश्चिमाञ्चलको विकास एवं आत्मनिर्भर अर्थतन्त्रका लागि कफी वा सुन्तलाको व्यवसायिक खेतिमा लाग्नुपर्ने उनको भनाइ छ । 'त्यसको नेतृत्व र व्यवस्थापना निजी क्षेत्रले गरोस्, किसानको पनि सेयर होस र लगानी सबैको होस् ।'-उनले भने । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले देशमा चरम इन्धन अभाव भएको बेला इन्धनको समान आपूर्ति व्यवस्था मिलाउनका लागि क्षेत्रीय प्रशासकसँग आग्रह गरे । देशमा सीमित मात्रामा भित्रिएका इन्धन र ग्याँसको ठूलो परिमाण राजधानीमा मात्र लैजाँदा पोखरा लगायतका क्षेत्रमा समस्या परेको उनको भनाइ थियो । उनले खाना पकाउने ग्याँसको चरम अभाव हुँदा दाउराको भएपनि आपूर्ति हुनुपर्नेमा जोड दिए । अध्यक्ष थापाले क्षेत्रीय प्रशासन कार्यालय पोखराको अगुवाइमा पोखराको विकासको लागि १७ वटा गौरवका परियोजना छनौट गरिएको स्मरण गराउँदै ती परियोजनाहरुको कार्यान्वयनमा लाग्नुपर्ने बताए ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले देशमा आपूर्ति व्यवस्था सहज नभएको वर्तमानमा नेपालको समग्र आपूर्ति व्यवस्था र बितरण प्रणालीमा पुनर्विचार गर्नुपर्ने आवश्यकता खड्किएको बताए । वर्तमान संकटको कारक राजनीतिक भएको उल्लेख गर्दै उनले राजनीतिक विषयलाई गम्भीरतापूर्वक समाधान गर्न राज्य उदाशिन भएको आरोप लगाए । देशमा राष्ट्रिय स्वाभिमानको नाममा समानान्तर अर्थ व्यवस्थाको जगेर्ना भएको दावी गर्दै उनले खोक्रो राष्ट्रवादको कुरा गरेर जनतालाई भ्रममा नपार्न सरकार र राजनीतिक दलहरुसँग आग्रह गरे । भारत नेपालको छिमेकी राष्ट्र भएकोमा कुनै द्विविधा राख्न नहुने बताउँदै उनले छिमेकीविरुद्ध उत्तेजना फैलाउने कामले कसैको भलो नगर्ने जिकिर समेत गरे ।

पोखरा उद्योग वाणिज्य संघका द्वितीय उपाध्यक्ष देव क्षेत्रीको धन्यवाद र महासचिव रविन्द्रबहादुर प्रजुको संचालन रहेको कार्यक्रममा संघका कार्यसमिति सदस्य विश्वशंकर पालिखे, पोखरा पर्यटन परीषदका उपाध्यक्ष चिरञ्जीवी पोखरेल, पोखरा अधिकृत बिक्रेता संघका अध्यक्ष सुरेश अधिकारी, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

## घर निर्माण तथा नक्सापास तत्काल खोल्न माग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

गत बैशाख १२ गते गएको विनासकारी भूकम्पपछि रोकिएको घर निर्माण तथा नक्सापासलाई तत्काल संचालन गर्नका लागि लेखनाथ हाडवयेर्स ब्यवसायी समिति र निर्माण ब्यवसायी समितिले लेखनाथ नगरपालिकालाई ध्यानाकर्षण गरेका छन्।

दुवै समितिका पदाधिकारीहरुले बिहीवार लेखनाथ नगरपालिकका कार्यकारी अधिकृत लोकबहादुर भण्डारीको कार्यकक्षमा पुगि लिखित र मौखिक रुपमा भवन निर्माण आचर संहिता सहितको नक्सापास खुलाउनका लागि अनुरोध गरेका हुन्। छुटा-छुटै रुपमा पुगेका ब्यवसायीहरुलाई कार्यकारी अधिकृत भण्डारीले नेपाल सरकारले प्रतिपादन गरेको विल्डिङ कोणलाई आधार मानि लेखनाथलाई सुन्दर शहर निर्माणको अभियानमा सहयोग पुग्ने गरि जतिसक्दो छिटो नक्सापासको सिफारिस खुलाउने तयारीमा रहेको विश्वास दिलाएका थिए ।

सोही अवसरमा कार्यकारी अधिकृत भण्डारीले देशमा सृजीत विषम् परिस्थितिका कारण नक्सापासको सिफारिश खुलाउनमा केहि ढिला भएपनि आवश्यक प्रक्रिया पुऱ्याएर निर्माण ब्यवसायीहरुलाई प्रभावकारी तालिम उपलब्ध गराउने तयारीमा आफू रहेको जानकारी गराएका थिए। ध्यानाकर्षण गराउनका लागि लेखनाथ हाडवयेर ब्यवसायी समितिका अध्यक्ष ऋषिराम भण्डारी समितका पदाधिकारी र निर्माण ब्यवसायी समिति लेखनाथका अध्यक्ष किसान सिह गुरुङ लगायतको टोलीले नक्सापास रोकीदा निर्माण ब्यवसायीहरु प्रत्यक्ष रुपमा प्रभावित भएका छन् भने मजदूरहरुको रोजीरोटीमा नै असर पुगेको बताए ।

## फुटपाथमा व्यापार गर्नेहरू बढ्दै, अनुगमन फितलो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

यतिबेला पोखराको विभिन्न स्थानको सडक किनारामा विभिन्न सामान विक्री गर्न डोको र झोला बोक्नेहरु प्रशस्त भेटिन्छन् । सडक किनारामा झोले र डोके व्यापारीका कारण सर्वसाधारणलाई भने समस्या परेको छ । सडकमा सवारी साधन चल्ने र सडक किनारामा व्यापारीहरुले व्यापार गरिदिंदा सर्वसाधारणले यस्तो समस्या भोग्नु परेको हो ।

डोके र झोले व्यापारीका कारण आम सर्वसाधरणले समस्या भोग्नु परेपनि ती व्यापारीहरु पनि आफै सुरक्षित छैनन् । नगर प्रहरी र ट्राफिक प्रहरीको आँखा छलेर व्यापार गर्नुपर्ने बाध्यताका कारण आफूहरु समस्यामा परेको गुनासो उनीहरुको छ । जब ट्राफिक प्रहरी र नगर प्रहरी आउँछन् त्यतिबेलाको दृश्य अचम्मको हुन्छ । सडक किनारमा सामान लिएर बसेका व्यापारीहरु जब प्रहरीलाई देख्छन् तब उनीहरु समान बोकेर तछाड-मछाड गर्दै भाग्छन् भने प्रहरीहरु पछिपछि दौडेर उनीहरुको डोको, नाम्लोका साथै सामानहरु खोस्छन् । सामान खोसाखोस हुँदा खसेका फलफूलहरु सडक बालबालिकाले टिप्दै जम्मा गर्दै अलि पर पुगेर कपाकप खान थाल्छन् । व्यापारीहरु भाग्नेक्रममा सडकपेटीमा हिंडेका सर्वसाधारणको ख्याल समेत गर्दैछन् । त्यतिबेला कतिपय सर्वसाधारण घाइते समेत



तस्वीर : एलए नेपाल डटकम

हुने गरेका छन् । प्रहरीहरु आउँदा व्यापारीहरु गल्ली-गल्लीतिर पस्छन्, जब प्रहरीहरु आफ्नो गन्तव्यतिर लाग्छन् त्यसपछि फटाफट सडकमा आएर व्यापार गर्न थाल्छन् । हिजोआज पोखराका विभिन्न ठाउँमा यस्ता घटना नियमित जस्तै भइरहेका छन् ।

पोखरालाई फुटपाथ निषेधित क्षेत्र घोषणा गरिएको भएपनि पछिल्लो समय फुटपाथमा ब्यापार गर्नेहरुको संख्या क्रमश: बढ्दो छन् । फुटपाथ निषेधित क्षेत्र घोषणा गरिएको करिब तीन बर्ष वितिसक्दा पनि यो समस्या पूर्ण नियन्त्रणमा आउन सकेको छैन । फुटपाथ नियन्त्रण गर्न कपडा व्यवसायी एशोसिएशन पोखरा लगायतका संघसंस्थाले नगरपालिकालाई ध्यानाकर्षण गराउँदै दवाव दिएको भएपनि नगरपालिकाले प्रभावकारी कदम अघि बढाउन सकेको छैन । नगरपालिकाले अनुगमनमा कडाई नगरेका कारण नियन्त्रण हुन नसकेको हो । नगरपालिकाले कहिले काहीँ अनुगमन गरेर फुटपाथ ब्यापारीका सामानहरु जफत गरेपनि दैनिक अनुगमन नभएका कारण फुटपाथ अतिक्रमण गरेर ब्यापार गर्नेहरु अझै घटेका छैनन् । नगरपालिकाले कहिलेकाहीँ अनुगमन गरेर जफत गरिएका सामान समेत शुल्क लिँदै पुन: फिर्ता दिन्छ । यसले गर्दा फुटपाथे ब्यापारीहरुलाई झनै प्रोत्साहन मिलेको सरोकारवालाहरुले बताएका छन् । जफत भएको सामान फिर्ता गर्ने गरेकाले पनि ब्यापारीहरु घटेका छैनन्, उपमहानगरपालिकाका निरीक्षण शाखा प्रमुख बसन्त चालिसेले भने-'सबैको सहयोगबाट अब सामान

*बाँकी अन्तिम पृष्ठमा......*

## कर्मचारी आवश्यकता

**पोखराबाट प्रकाशित 'क' वर्गको गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक, योग्य र इमान्दार व्यक्तिले कार्यालय समयमा ५ दिनभित्र आफ्नो व्यक्तिगत विवरण सहित आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।**

| क्र.सं. | पद : | संख्या | योग्यता |
|---|---|---|---|
| १. | मार्केटिङ अफिसर | २ जना | +२ वा सो सरह |
| २. | संवाददाता | २ जना | +२ वा सो सरह |
| ३. | कम्प्युटर अपरेटर | २ जना | +२ वा सो सरह |

**नोट : मार्केटिङ अफिसर र संवाददाताका आफ्नै सवारी साधन भएकालाई विशेष प्राथमिकता, सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभवी हुनुपर्नेछ । साथै कम्प्युटर अपरेटरका लागि पेजमेकर, इनडिजाइनमा पत्रिका सेटिङ गर्न सक्ने र समाचार लेखनमा समेत अनुभवी भएको हुनुपर्नेछ।**
**तलव : मार्केटिङ अफिरका लागि १० हजार + आकर्षक कमिसन, संवाददाता र कम्प्युटर अपरेटरका लागि श्रमजीवि ऐनले तोकेबमोजिम हुनेछ ।**

**सम्पर्क : गोल्डेन न्यूज राष्ट्रिय दैनिकको कार्यालय**
**(सुनौलो विल्डिङ), मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा**

■ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।
- *महाकवि लक्ष्मीप्रसाद देवकोटा*

# साहित्य

## कविता : निरीह



✍ **प्रदीपकुमार श्रेष्ठ**

साँघुरा परिवेशमा
हिंडिरहेका साना पदचापहरु
नसुनिएका क्रोधहरुको संलग्नतामा
मनमनै हृदय आन्दोलित भइरहेछ ।
आशिष मानिएको धृष्टतामा
म एक उन्नत नेपाली
सार्वभौम खोलमात्र ओढिरहेछु ।
प्यारो लाग्छ मेरो देश
आत्मीयता सम्वृद्ध छ यहाँ
छिमेकीको अनन्त प्रेमले
सदा निरीह बनिरहेछु ।
पुराना कथाहरु पल्टाउँदै
गौरव गाथाहरु चियाउँदै
पूर्खाको पौरख गीत बनाउँदै
सुनसान परिवेशमा सुनिरहेछु ।
जीवन चलाउने साधनहरु
अप्राप्तिको संघारमा
निरस दिनहरु धिक्कार्दै
बाध्यतामा बाँचिरहेछु ।
मनहरुको विद्रोहमा
जन्मिसके काला सर्पहरु
एउटै छानामुनि बसेर
विष सेवन गरिरहेछु ।

## मुक्तकहरु

✍ **सागरजी सिलवाल**

जति दिन सकिन्छ स्वाभिमानले बाँच के झुकेर मर्नु
आफै स्वाबलम्बन बन, शत्रुको अगाडि कै'ले नपर्नु
नेपालीलाई मार्न भित्रका र बाहिरका सबै लाग्दैछन्
हावा, घामलाई पनि नाकाबन्दी गर्न सके देखि गर्नु !

❖❖❖

मेरो गोरुको बाह्रै टक्काले कहाँ हुन्छ सहमति ?
शान्ति ,सुखले बास गर्छिन जहाँ हुन्छ सहमति
साच्चिक्कै यो देशको माया लागेको भएदेखि चाही
जनता पिल्स्या हेर्न नसकी त्यहाँ हुन्छ सहमति

❖❖❖

नलेखु त सक्दै सकिन फेरि लेख्दा झन् पोल्छ छाती
देश दुखेको बेला विदेशमा टेक्दा झन् पोल्छ छाती
के आशा गर्ने ? सर्पलाई दूध खुवाई पालेका थ्यौं
शत्रुले त हेपें नै आफ्ना शत्रु देख्दा झन् पोल्छ छाती

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल मंसिर ११ गते शुक्रबार, तदनुसार नवेम्वर २७ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षकृष्णापक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षकृष्णापक्षको द्वितीय तिथि ५० घटि २३ पला अर्थात रातिमा २ बजेर ४३ मिनेटसम्म त्यसउप्रान्त तृतीया तिथि लाग्नेछ । आज सूर्य वृश्चिम राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि २२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३४ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०७ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षबाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ ।
**वृष** : यशकीर्ति बढ्ने, आफन्तबाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारबाट पर्याप्त मुनाफा हुनेछ ।
**मिथुन** : स्वास्थ्यका एक्कासी समस्या देखा पर्ने, हतियारबाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ ।
**कर्कट** : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।
**सिंह** : कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचलो, स्वास्थ्यमा धन खर्च गर्नुपर्ने छ ।
**कन्या** : पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारबाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ ।
**तुला** : मनमा अनावश्यक पीडा, अनावश्यक टक राव हुने, आर्थिक भार थपिने, आफन्तबाट धोका पाइनेछ ।
**वृश्चिक** : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ ।
**धनु** : रोजगारीबाट आत्म सन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर ।
**मकर** : नयाँठाउँको अवलोकन, आ रोग्य जीवनको उपभोग, विरोधी माथि विजयी, प्रतियोगितामा सफलता मिल्नेछ ।
**कुम्भ** : दुर्घटनाका भय, आफन्तसँग मनमुटाव, शारीरिक पीडा थपिने समय ख राब छ, सतर्क हुनुहोला ।
**मीन** : मानहानि हुन सक्नेछ, अनावश्यक झन्झट आइलाग्ने, मन परेको खानमा अवरोध हुने, दिन खराब रहनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# साहित्य/सिर्जना



## हेमजाको मलिलो माटो : हिमशिखर १६औं पुष्पमालाको पाटो

हामी सबैलाई थाहा भएको कुरा हो। पोखरा आफैमा कला, साहित्य र सम्पदाले भरिपूर्ण क्षेत्र हो। यही क्षेत्रमध्ये माछापुच्छ्रे आँगन र फेवाताललाई काख सम्झेर विगत १६ वर्षदेखि लडिबुडी खेल्दै एउटा नौजवान तन्नेरी बनेको साहित्यिक संस्था हो हेमजा साहित्य प्रतिष्ठान। हेमजाको माटो जति उर्वर छ, यहाँको साहित्य पनि त्यति नै उर्वर रहेको सबैलाई अनुभूत भएकै कुरा हो। किन भने पोखरेली कला र साहित्यको नाम उठाउने बित्तिकै जोडिन आउने नाम हो हिमशिखर साहित्यिक पत्रिका। जुन हेमजा साहित्य प्रतिष्ठानको वार्षिक प्रकाशन हो। हिमशिखर हेमजाको मलिलो माटोमा परेर होला निकै सप्रेको छ। माटोमा पर्नु मात्र ठूलो कुरा होइन हिमशिखरसँग जोडिएको आफ्नो प्रतिष्ठालाई जोगाई राख्न क्रियाशील रहनेहरू, सधै हिमशिखरलाई बोकेर मेला निस्कने खेतालाको उत्तिकै योगदान छ भन्दा अन्यथा नहोला।

प्रतिष्ठानाले हरेक महिना शुभप्रभात काव्यमाला सञ्चालन गरेर मेहफिल जमाइरहेको छ। स्रष्टा साधकहरूको साधनालाई सम्मान गरेर प्रोत्साहन र योगदानको कदर पनि गरेको छ। साथसाथै वार्षिक पत्रिका प्रकाशन गरेर साहित्यिक खेती पनि गरिरहेको छ। जसको १६ औं पुष्पमाला पाठकका हातमा पुगिसकेको छ। यस्तै हरेक वर्ष लक्ष्मी जयन्तिको अवसर पारेर हिमशिखर पत्रिकाको लोकार्पण, स्रष्टा सम्मान तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रति श्रद्धासुमन गर्दै आइरहेको सन्दर्भले पनि १६ वसन्त पार गरिसकेका छन्। हेमजासँगको साहित्यिक सामिप्यताले गर्दा पङ्क्तिकारले प्रतिष्ठानको आजीवन सदस्यता ग्रहण गर्ने अवसर पनि प्राप्त गर्‍यो। एउटा सदस्यका नाताले पनि होला हिजो आज साइनो गाढा भएको भान भइरहे जस्तो लाग्छ। पङ्क्तिकारले जुन समयदेखि हिमशिखरका अङ्क हेर्न थालेको हो केही भनौ धेरै पहिलादेखि नै भएको थियो। अन्ततः प्रतिष्ठानले १६ औं अंकको परिचर्चा गर्ने जिम्मा नै लगाएपछि तत्काले केही नबोली हुँदै भएन। पत्रिकाको १६ औ अङ्क सबैले आधोपान्त पढ्न पाए पाएनन् त्यो आफ्नो ठाउँमा छ । यहाँ पत्रिका लोकार्पण समारोहमै बोलिएका केही कुरालाई भाषा मिलाएर समीक्षा बनाउने प्रयत्न मात्रै गरिएको छ। हिमशिखर पत्रिका हातमा लिनेबित्तिकै पहिला आँखा पुग्ने भनेकै पत्रिकाको आवरण पृष्ठमा हो। पङ्क्तिकारले जुन समयदेखि हिमशिखर हेर्न थालेको हो त्यो अवधिदेखि पत्रिकाको आवरण कला बिम्ब कवि रमेश श्रेष्ठले सजाउँदै आएको पाएको थियो। १६ औं अंकको आवरण पनि उनैले तयार गरेका छन्। रमेश श्रेष्ठ वर्तमान नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद सदस्य तथा चित्रकला विभाग प्रमुख हुन् भने। जुन नेपाली कला र कविताको क्षेत्रमा प्रख्यात नाम हो।

उनी कलम र कुची एउटै रफ्तारमा उत्तिकै गुणस्तरमा दौडाउँछन्। उनका लागि जति शब्द खर्च गरेपनि कम हुन्छ। श्रेष्ठ नेपाली वाङ्मयको क्षेत्रमा आफ्ना सिर्जनाको मूल्य खोज्ने एक मानक स्रष्टा हुन्। टिकटमा एकल कविता वाचनका प्रणेता उनले झण्डै एक दशक अगाडि (२०६२ जेठ २७ गते) थालेको संगीतसहित टिकटमा कविता वाचनको शृङ्खलाले द्रुत गति लिइरहेको छ। श्रेष्ठले संगीतमा कविता सुनाएको १० वर्ष पछाडि आइपुग्दा आजसम्म अन्य दुई शृङ्खलाहरू मात्र संगीत र टिकटमा सम्पन्न भएका छन्। प्रकाश सायमीले कविता यात्रामा तीस वर्ष शीर्षकमा लेकसाइटको एक होटलमा पियानोमा कविता सुनाएका थिए। यस्तै हालसालै कविता कन्सर्ट नाम दिएर प्राज्ञ श्रवण मुकारुङ, ईश्वरमणी अधिकारी र सरस्वती प्रतिक्षाले दरबारथोकको एक प्यालेसमा कविता सुनाए। यसर्थ भन्न सकिन्छ श्रेष्ठ भविष्यलाई वर्तमानमा आँकलन गर्न सक्ने मानक स्रष्टा हुन्।

हालसालै उनले प्याकेजमा कविता शृङ्खला पनि सम्पन्न गरिसकेका छन्। श्रेष्ठको हालसम्म विभिन्न संघसंस्थाले नौ पटक एकल कविता वाचन गर्नुका साथै उत्तिकै संख्यामा चित्रकला प्रदर्शनीसमेत गरेका छन्। यसरी भविष्यलाई वर्तमानमा आँकलन गर्ने स्रष्टा साधकले कोरेको आवरण चित्रले हिमशिखरको उचाई बढाएको छ। सेतीको जस्तो प्रवाह र माछापुच्छ्रेको जस्तो अटल आस्था र निष्ठाका पुजारी श्रेष्ठको हजार जिब्रा भएका शेष नागले पनि गुनगान गाएर सक्दैनन् यसर्थ पङ्क्तिकारले जे जसरी उनको कला र साधनालाई सम्मान व्यक्त गरे पनि कमै हुन्छ। उनले बनाएको कलामा कुनै खोट लगाउने ठाउँ नै देखिदैन। जब पत्रिकाको भित्री मेलो थालिन्छ यसको साजसज्जा, व्याण्डिङ् र छपाइको काम कोहिनुर अफसेट प्रेसले गरेको छ। मध्यम गुणस्तरको कागजमा छापिएको पत्रिकाको यस अङ्कमा समावेश रचनाहरूले सबैलाई तानिरहन्छन्। अग्र, मध्य र अन्तिम गरी १५२ पृष्ठमा संरचित पत्रिकामा आख्यान र गैर आख्यान गरी १०२ स्रष्टाका लेख, रचना समावेश गरिएका छन्। जसको अग्र भागमा कविवर तेजनाथ घिमिरेको नेपाल सधैं रहन्छ शीर्षकको राष्ट्रभक्तिले ओतप्रोत भएको कविता सँगसँगै रचनाक्रम सुरु भएको छ। कविवर घिमिरे नेपाल र हाम्रा नेपाली दाजुभाइ मात्र होइन दाजुभाइले गरेका सिर्जनालाई पनि सम्मान गर्दछन् र लेख्छन्:

*नेपाली बाल्छौं शान्तिको बत्ति संसारै ब्युझाउन*
*युद्धको आगो सल्काउनु हुन्न भनेर सम्झाउन*
*नेपाली युवा युवती सारा संसार घुम्दैछौं*
*सिर्जनालाई सुम्सुम्याएर मुस्कान चुम्दछौं (घिमिरे, २०७२:१) ।*

यसै गरी पत्रिकाको रचनाक्रमको दोस्रो स्थानमा एक अन्तर्वार्ता समावेश गरिएको छ। भन्नैपर्छ, सरस्वतीका वरद पुत्र, हेमजाले उचो छाती बनाएर गर्व गर्ने नेपाली भाषा, कला, साहित्य, संस्कृति संरक्षणका क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउने प्रा. मुकुन्दशरण उपाध्यायको अन्तर्वार्ता र उनले थालेको भाषा आन्दोलनलाई हिमशिखरले समावेश गरेर उहाँलाई उच्च कोटीको सम्मान प्रदान गरेको छ। स्तुत्य कामका लागि सम्पादन मण्डलमा रहने सम्पूर्णप्रति कृतज्ञता ज्ञापन गर्नैपर्छ। कृतिमा आख्यान विधातर्फ प्रा.डा. रविलाल अधिकारी, विष्णु कुमारी अधिकारी, टेकनाथ पीडित, गोविन्दप्रसाद पौडेल, शेषराज भट्टराई, धर्मराज बास्तोला, कमलजंग कुँवर, मदन भण्डारी, भरतचन्द्र गौतम र असफल गौतम गरी १० स्रष्टा साधकका निबन्ध, हास्यव्यङ्ग्य, समीक्षा, कथा जस्ता रचनाहरू समावेश छन्। यस्तै ९० जनाका गैर आख्यान विधाका कविता, मुक्तक, गीत, गजल समावेश रहेका छन्। यो एउटा वृहत आयामको पत्रिका पनि होइन तापनि विषयगत विविधताले गर्दा आम पाठकलाई पत्रिका समातेपछि छोड्न मन लाग्दैन । प्रायः पत्रिका तथा कृतिमा समावेश आख्यान विधाका रचनाहरू लामा हुँदा बेर्फुसदिला पाठकले आफ्नो रचना पढेपछि अरुका रचना नहेर्ने गरेको पाइन्छ तर हिमशिखर १६ त्यो दोषबाट मुक्त रहेको छ जहाँ समावेश गरिएका निबन्ध, समीक्षा, कथा लामो आयामका छैनन्। यो यसको सबल पक्ष हो। यसैगरी आफू जन्मेको र हुर्केको भूमी सबैभन्दा प्यारो भूमी हो। जसप्रति नमन गर्नु हाम्रो कर्तव्य र दायित्व पनि हो। त्यसैले हेमजामा जन्मेर हाल अष्ट्रेलियामा रहेको निष्प्रभ सजी हुन (पृ.४१)। जापान रहने सन्दीप तिम्सिना (पृ.६०) या शिवप्रसाद पौडेल (पृ.११४) हुन्। अमेरिका रहने सुरेन्द्र बास्तोला (११८) या भारतको बैंगलोर रहेका निरञ्जन कार्की (पृ.८७) हुन्। उनीहरू जहाँ रहेपनि जन्मभूमीको माटोमा उब्जेको वृक्षमा यसरी फल लाग्नु पत्रिकाको अर्को सबल पक्ष हो। जुन कृतिमा देशभित्रका कास्की आसपास मात्र होइन, तनहुँ, स्याङ्जा, लमजुङ, पर्वत, चितवन, कपिलवस्तु, नुवाकोट, ललितपुर, विराटनगर र इलामसम्मका स्रष्टा साधकका रचनाले स्थान पाएका छन्। कृतिको पृष्ठ ६९ मा सावत्री गौतमको दाजुबहिनीको संवादात्मक मुक्तक दोहोरी समावेश छ। जहाँ विवाहिता चेलीले आफ्ना माइती लिन नआएको गुनासो मुक्तकका माध्यमबाट पोखिएको देखिन्छ। यस्ता धेरै पत्रिकाको सबल पक्षहरू रहेका छन्।

पत्रिकाका धेरै राम्रा पक्षहरू हुँदाहुँदै केही कमजोर पक्ष पनि रहेका छन्। त्यसबारेमा केही भन्नैपर्ने हुन्छ। हुन त अधिकांश मान्छेहरू कमजोरी औल्याउँदा पनि सुध्रदैनन्। उनीहरू रचनात्मक आलोचनालाई स्वेकार्नुको सट्टा झुट्टा खाले प्रशंसामा वर्बाद हुने बाटो रोज्छन् तर हिमशिखर १६ सम्पादन समितिका पदाधिकारी रचनात्मक कमजोरीले सुध्रने छन्। पत्रिकामा भएका व्याकरणिक त्रुटिका बारेमा मेरो भन्नु केही छैन, अहिले व्यक्तिपिच्छेका व्याकरण आएका छन् तर सुधार्नैपर्ने केही त्रुटिहरू कम्प्युटर टाइप र सेटिङमा भएका छन्। पत्रिकाको पृष्ठ ३ मा नेकशुलेलाई कमाले बन्द गरेको होला कतै डटडट देखिएको छ, कतै तर्कुले बर्धाले झुण्डिएको छ। पृष्ठ ६ मा माथि सरुभक्त ठीकै लेखिएको छ पुछारमा गलत, पृष्ठ ७ मा रविलाल अधिकारीको लेखमा पनि त्यस्तै त्रुटिहरू पाइन्छन्। उनको नाम अगाडिको प्रा.डा. नै छुटेको छ। यस्तै पृष्ठ १२, १६ मा पनि त्रुटि देखिन्छ। जनार्दनशरण त्रिपाठी हुनुपर्नेमा नाम थर दुवै बिग्रेको लगायत सामान्य त्रुटिहरू देखिन्छन्। यस्तै पृष्ठ ६०, ८६, ९५, १०१, १२९, १३७ पृष्ठहरूमा लेखकका नाम, थर र ठेगानामा त्रुटि भएको पाइन्छ। यसरी त्रुटि देखिनुका दुई कारण छन्। एक सम्पादन मण्डलका साथीहरूले प्रयाप्त समय दिन नसक्नु। अर्को टाइप र सेटिङ गर्ने व्यक्तिको गैह्र जिम्मेवारी तथा गैह्र साहित्यिक पन। अलिकति व्यवसायिक टाइपिष्ट भएको भए नाम, थर र ठेगानामा सामान्य त्रुटि हुने थिएनन्। यस्तै पत्रिकाको सिरानामा पनि हिमशिखर पुच्छारमा पनि हिमशिखर पृष्ठ पिच्छे राख्दा अलि भद्दा देखिएको छ। यी सामान्य त्रुटिलाई पनि पत्रिकाका गुणहरूले ओझेलमा पारिदिएका छन् तापनि आगामी अङ्कहरू अझै उत्कृष्ट बनेर आउनु वर्तमानको आवश्यकता हो।



✍ **असफल गौतम**

अन्तमा प्रत्येक शब्द-शब्दलाई औजारको रुप देख्ने शिव खेराले भनेका छन्, जित्नु र अघि बढ्न खोज्नु मानवीय स्वभाव हो। त्यसो भन्दैमा निष्ठासँग सम्झौता गरी-गरी गलत बाटो लिनु उचित होइन, गलत बाटाले ल्याएको स्याबासी र पुरस्कारले वास्तविक खुसी दिदैन। एउटा असल मान्छे बन्नु भन्दा ठूलो पुरस्कार जीवनका लागि अरु केही हुन सक्दैन। त्यसैले हिमशिखर सम्पादन समितिमा बसेका साथीहरू हरेकले आफू एउटा असल मान्छे बन्ने सपना देख्नुस् यसैमा सबैको कल्याण हुने छ।

## लायन्सको एड्भाइजरी मिटिङ

**पोखरा १० मंसिर ।(गोल्डेन)**

लायन्स क्लव ३२५ बी १ नेपालको रिजन ३ जोन ५ को दाश्रो एड्भाइजरी मिटिङ्ग पोखरामा सम्पन्न भयो । जोन बैठकमा लायन्स क्लब अफ पोखरा मिड टाउन, लायन्स क्लब अफ पोखरा ग्रिन टाउन, लायन्स क्लब अफ पोखरा भैरव, लायन्स क्लब अफ पोखरा शुक्ला गण्डकी टाउन र लायन्स क्लव अफ पोखरा सेन्ट्रल टाउन गरी ५ वटा क्लबहरुको सहभागिता रहेको थियो । जोन चियर पर्सन मदन द्वाको अध्यक्षतामा भएको कार्यक्रममा होष्ट क्लवको रुपमा लायन्स क्लब अफ पोखरा मिड टाउन र लायन्स क्लब अफ पोखरा ग्रिन टाउन रहेका थिए । कार्यक्रममा सम्पूर्ण क्लवका अध्यक्ष, प्रथम उपाध्यक्ष, सचिव तथा कोषाध्यक्षहरुले आ-आफ्नो क्लवले गरेको कार्य प्रगति तथा भावी रणनीतिको बारेमा योजना प्रस्तुत गरेका थिए । कार्यक्रममा को-जोन चेयर पर्सन सुरेश श्रेष्ठ, रिजन-३ को-अर्डिनेटर गौरव राज भण्डारी, एरिया को-ओडिनेटर तीर्थलाल श्रेष्ठ, एडभाइजर विमला श्रेष्ठ, दिनबन्दु पौड्याल, एम्वेष्टर अफ गभर्नर गोर्कण कार्कीका साथै सुचित्रा थापा लगायतले लायन्सका नेतृत्वकर्ताहरुले क्लवहरुले गर्नुपर्ने दायित्व र भूमिका तथा अन्य गतिविधिका बारेमा विभिन्न सुझाव दिएका थिए । त्यस अवसरमा लायन्स अफ पोखरा मिड टाउनका अध्यक्ष कृष्णराज पोखेलले धन्यावाद ज्ञापन गरेको लागन्स क्लव अफ पोखरा ग्रिन टाउनकी अध्यक्ष अम्विका शर्माले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिइन ।

## स्याङ्जाका नेपालीको शव अरबमा अलपत्र

✍ **गोल्डेन न्यूज संवाददाता**
**स्याङ्जा १० मंसिर ।**

वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरबमा ज्यान गुमाएका एक नेपालीको शव महिनौंदेखि अलपत्र परेको छ । स्याङ्जा, दरौं-१ काउलेका ३२ वर्षीय जयबहादुर रोकाको शव तीन महिनादेखि साउदी अरवमा अलपत्र परेको हो ।रोकाको शव स्वदेश पठाउने विषयमा साउदीमा रहेको नेपाली दूतावासले चासो नदिँदा शव अलपत्र परेको आफन्तजनले गुनासो गरेका छन् । जोर्डानको सीमा नजिकै पर्ने अल टुरिफस्थित अल जोउफ सिमेन्ट कम्पनीमा क्याम्प सुपरभाइजरका रूपमा कार्यरत रोकाको कार्यस्थलमै दुर्घटनामा परी गत भदौ ३ गते मृत्यु भएको थियो । आठ वर्षदेखि उक्त कम्पनीमा कार्यरत रोका नौ महिनाअघि घरबिदा सकिएपछि साउदी फर्केका थिए । रोकाको शव अल टुरिफमा रहेको टुरिफ सरकारी अस्पतालको शवगृहमा राखिएको छ । घटना हुनेबित्तिकै दूतावासलाई जानकारी गराइएको भए पनि उनको शव स्वदेश पठाउने विषयमा दूतावासले चासो नदिँदा लामो समयसम्म शव अलपत्र परेको स्याङ्जाका लाल शर्मा पौडेलले गुनासो गरे । शव झिकाइदिनका लागि नेपालबाट आफूलाई रोकाका परिवारले दैनिकजसो फोन गर्ने गरेको उनले बताए । मृत्युसम्बन्धि मामिला हेर्ने दूतावासका सहचारी सन्तोष अधिकारीलाई पटक पटक टेलिफोन सम्पर्क गर्ने प्रयास गरे पनि सम्पर्क हुन नसकेको पौडेलले दुखेसो गरे ।

**बैंक व्यालेन्स**
बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

**पोखरामा पहिलो पटक**
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# पत्रकार दुर्घटना बिमा कार्यक्रम शुभारम्भ

**काठमाडौं १० मंसिर ।**

सूचना तथा सञ्चार प्रविधि मन्त्री शेरधन राईले पत्रकार दुर्घटना बिमा कार्यक्रमको शुभारम्भ गरेका छन् । सूचना विभाग र नेपाल पत्रकार महासङ्घको संयुक्त आयोजनामा भएको कार्यक्रममा सञ्चारमन्त्री राईले श्रमजीवी पत्रकारको कामको सिलसिलामा हुने कुनै पनि दुर्घटनामा केही सहयोग पुग्ने विश्वासका साथ पत्रकार दुर्घटना कार्यक्रम ल्याईएको बताए । उनले भने-"पत्रकार दुर्घटना बिमा निर्देशिका २०७० बमोजिम सूचना विभागबाट जारी गरिएको प्रेस पास र नेपाल पत्रकार महासङ्बाट सदस्यताप्राप्त गरेका ५५४ जना पत्रकारको पहिलो चरणको पत्रकार बिमा आजदेखि लागू भएको घोषणा गर्दछु ।"
एनएलजी इन्स्योरेन्स कम्पनीले कम बिमा शुल्क रु ३३९ मा पत्रकार दुर्घटना बिमा गरेको छ जसमा पत्रकार दुर्घटना बीमा एक वर्षको लागि रु पाँच लाखसम्म र दुर्घटनापछि उपचारका लागि रु दुई लाखसम्मको व्यवस्था गरेको छ । मन्त्री राईले दुर्घटना बिमा



शुल्कमा सञ्चार माध्यम वा सञ्चारकर्मीले २५ प्रतिशत र सरकारले ७५ प्रतिशत बेहोर्ने जानकारी दिए । उनले सूचना विभाग, नेपाल पत्रकार महासङ्घ, सञ्चार प्रतिष्ठान तथा श्रमजिवी पत्रकारको समन्वयमा पत्रकार दुर्घटना बिमा कार्यक्रमको शुरुवात भएकोमा खुशी व्यक्त गरे ।

मन्त्री राईले लोकतन्त्र र प्रजातन्त्र स्थापनामा पत्रकारले खेलेको भूमिकाको सराहना गरे । उनले निकट भविश्यमा श्रमजिवी पत्रकारले प्रयोग गर्दै आएका सञ्चार सामग्रीको समेत बिमा गरिने स्पष्ट पारे। सूचना विभागका महानिर्देशक लक्ष्मीविलास कोइरालाले श्रमजिवी पत्रकारका लागि छुट्याइएको रु पाँच लाख रकम पर्याप्त नभएको बताए । उनले पत्रकार दुर्घटना बिमाले खोजमूलक पत्रकारितामा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे । नेपाल पत्रकार महासङ्घका अध्यक्ष डा महेन्द्र विष्टले श्रमजिवी पत्रकारका लागि आकर्षण पारिश्रमिक नभएको भन्दै राज्यले यसका लागि ध्यान दिनु आवश्यक भएको बताए ।

उनले धेरै वर्ष पत्रकारिता गरेका ज्येष्ट पत्रकारलाई राज्यले केही रकम छुट्याउनु आवश्यक रहेको छ भने । अध्यक्ष विष्टले अहिले तराईमा जारी आन्दोलनले थुप्रै पत्रकारहरू आन्दोलनको शिकार बनेको भन्दै यसलाई राज्यले विशेष ध्यान दिनु जरुरी रहेको बताए ।

बिमित व्यक्तिको मृत्यु भएमा, स्थायीरूपले पूर्ण वा आंशिकरूपमा अशक्त भएमा, दुर्घटनाको कारण उपचार गराउनुपर्ने भएमा बिमितले लाभ प्राप्त गर्ने निर्देशिकामा व्यवस्था छ । बिमा योजना अन्तर्गत प्रत्येक बिमित पत्रकारको बीमा शुल्कको ७५ प्रतिशत सरकारी कोषबाट र २५ प्रतिशत नेपाल पत्रकार महासङ्घ मार्फत सम्बन्धित व्यक्तिबाट व्यहोरिएको छ ।

यसअन्तर्गत प्रतिव्यक्ति वार्षिक प्रिमियम रु ३३९ मध्ये सरकारी कोषबाट रु २५४ र महासङ्घबाट रु ८४ व्यहोरिने छ । पहिलो चरणमा महासङ्घमा विवरण प्राप्त भई नेपाल सरकार सूचना विभागबाट प्रक्रिया पूरा गरी स्वीकृत गरिएका ५५४ जना श्रमजीवी पत्रकारको बीमा गरिएको छ । विमित हुनका लागि सूचना विभागबाट जारी प्रेस पास र महासङ्घ सदस्यता नवीकरण भएको हुनुपर्ने प्रावधान छ । रासस

# लेउवासंघमा कर्जा प्रवाह सम्बन्धी छलफल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

महिलाहरुलाई उद्यमशील वनाउने उद्देश्यले लेखनाथ उद्योग वाणिज्य संघले विहिवार एक दिने कर्जा प्रवाह गर्ने सम्वन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । महिला उद्यमशिलता विकास कोषवाट प्राप्त भएको रकमलाई महिलाहरुद्वारा संचालित उद्योग व्यवसायलाई विना धितो कर्जा प्रवाह गर्ने वारे जानकारी दिनका लागि कार्यक्रमको आयोजना गरिएको हो । लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा त्रिपाठीले कर्जा प्रवाहको उद्देश्य माथि प्रकाश पार्दै महिला उद्यमीहरुलाई महिला उद्यमशिलता विकास कोषबाट विना धितो कर्जा प्रवाह गर्नको लागि कास्की जिल्ला छनौट भएको र यस कोषबाट कर्जा लिनका लागि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका सम्पूर्ण महिला उद्यमीहरुले कर्जाका लागि निवेदन दिन सक्ने जानकारी दिएका थिए ।

कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका निर्वतमान अध्यक्ष बावुराम गिरीले नेपाल सरकारले महिला उद्यमीहरुलाई विशेष प्राथमिकतामा राखेको स्पष्ट पारे । महिलाहरुद्वारा संचालित उद्योगहरुले सस्तो र विना धितो कर्जाको व्यवस्था गरेकाले सवै महिलाहरुले यसबाट लाभ लिई आफ्नो व्यवसायलाई प्रवर्द्धन गर्न आग्रह गरेका थिए । त्यसगरि घरेलु तथा साना उद्योग कार्यालय कास्कीका लेखा अधिकृत एवं कार्यक्रमका सदस्य सचिव विष्णुप्रसाद आचार्यले कार्यक्रम र कोष निर्देशिकाका बारे विस्तृत जानकारी दिएका थिए । लेखनाथ उद्योग वाणिज्य संघमा आवद्ध ६५ जना महिला सदस्यहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा संघका द्वितिय उपाध्यक्ष बलराम ढकालले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रमको संचालन सघका उपमहासचिव भरतकुमार अधिकारीले गरेका थिए ।

# जनप्रकाश उमाविमा नवआगन्तुक विद्यार्थीलाई स्वागत

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

कास्कीको लेखनाथ नगरपालिका वडा नं १ भण्डारढिकमा रहेको जनप्रकाश उच्च मावि कक्षा १२का विद्यार्थीहरुले कक्षा ११का नव आगन्तुक विद्यार्थीको स्वागतार्थ विहीबार बृहत् सास्कृतिक कार्यक्रमको आयोजना गरेका छन्। विद्यार्थीहरुका बीच भातृत्व र मित्रता बढाउने उदेस्यले हरेक बर्ष जस्तै यस वर्षपनि नव आगन्तुक विद्यार्थीहरुलाई स्वागत र सम्मान गर्दै परिचयात्मक सहितको सास्कृतिक कार्यक्रमको आयोजना गरिएको हो। कार्यक्रमको उद्घाटन गर्दै जनप्रकाश उच्च माविका प्रधानाध्यापक शिवमणि भण्डारीले विद्यार्थीको उज्ज्वल भविश्यको कामना गर्दै अनुशासित भएर पढ्नका लागि अनुरोध गरेका थिए भने उच्च मावि संयोजक मनोज पौडेलले विद्यालयको नियम र परिधिमा रहेर लगनशिल भएर पढनका लागि सवैमा आग्रह गरेका थिए। कार्यक्रम संयोजक धन बहादुर गौतमको अध्यक्षतामा भएको सो कार्यक्रममा शिक्षक अर्जुन ओझा डिल्लीराम पौडेल, खिमराज सुवेदी, बेदहरि तिमिल्सेना र रामजी वञ्जरा लगायतले आ-आफ्नो धारणा राखेका थिए। कक्षा १२ का विद्यार्थी अनिल सुनारले संचालन गरेको सो कार्यक्रममा स्वागत मन्तव्य विद्या विक र स्वर्णिम थापा मगरले गरेका थिए।

# मुक्तिनाथको गुरुयोजना अझै कार्यान्वयन भएन

**मुस्ताङ १० मंसिर ।**

हिन्दू र बौद्ध धर्मावलम्बीहरूको आस्थाको धरोहर मुक्तिनाथको बृहत् विकासका लागि तयार पारिएको गुरुयोजना अझै कार्यान्वयनमा आउन सकेको छैन ।

मुस्ताङको मुक्तिनाथ गाविसमा ५३७ रोपनी क्षेत्रफलमा फैलिएको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथको विकासका लागि मुक्तिनाथ क्षेत्र विकास कोष र पुरातत्व विभागले लामो समयदेखिको अध्ययनपछि गत चैत महिनामा रु तीन अर्ब बराबरको गुरुयोजना तयार पारेको थियो । तर, प्राविधिकहरूको टोलीले तयार पारेको गुरुयोजना विभागबाट पारित हुन ढिलाइ भएपछि कार्यान्वयनमा आउन नसकेको मुस्ताङका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले जानकारी दिए । "यो २०६२/६३ सालतिरै बन्नुपर्ने हो, विभिन्न कारणले त्यो पारित भएपनि कार्यान्वयनमा आउन सकेको छैन" प्रजिअ अधिकारीले भने-"जिल्ला तहबाट हामीले गर्ने काम सबै गरेका छौँ, पुरातत्व विभागको सम्पत्ति भएकाले नीतिगत रूपमा उसले निर्णय गर्नुपर्छ ।" गत चैत महिनामा तयार पारिएको गुरुयोजनामा मन्दिरलाई व्यवस्थित गर्दै आसपासका क्षेत्रमा विभिन्न आश्रमस्थल, फूलको बगैँचा, भोजनालयलगायतका ३३ वटा थप नयाँ संरचना निर्माण गरिनुपर्ने सुझाव दिइएको छ ।

पर्यटक तथा दर्शनार्थीको भीडभाडका कारण जम्मा हुने फोहरलाई विद्युतीय यन्त्रका माध्यमबाट व्यवस्थित गरिने गुरुयोजनामा उल्लेख छ । तीन हजार ७१० मिटरको उचाइमा अवस्थित मुक्तिनाथ मन्दिरलाई हिन्दूले मुक्ति क्षेत्र तथा बौद्धमार्गीले तिब्बती भाषामा छुमिङ ग्यात्सा ( सय पानी वा यथेष्ट पानी) भन्दछन् । हिन्दू धर्मावलम्बीका लागि महत्वपूर्ण धामका रूपमा रहेको यो तीर्थस्थल तिब्बती बौद्धमार्गीका २४ तान्त्रिक स्थानमध्येको एक हो । स्थानीयवासीले मन्दिर आसपासका क्षेत्रमा फोहर बढ्दै गएपछि त्यसको बृहत्तर विकासका लागि योजनाबद्ध रूपमा लाग्नुपर्ने माग गर्दै आएका छन् । मुक्तिनाथका मुख्य पुजारी कृष्णप्रसाद सुवेदीले मुक्तिनाथमा बढ्दो भक्तजनको भारलाई व्यवस्थित गर्न पनि गुरुयोजना कार्यान्वयन गर्नुपर्ने बताए । "हामीले आवश्यक सुझाव सबै दिइसकेका छौँ योजना तयार भइसकेको छ तर राज्यले अब त्यसलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ"- मुख्य पुजारी सुवेदीले भने ।
प्रस्ताव कार्यान्वयनका लागि जिल्ला तहबाट पुरातत्व विभागलाई दवाब दिनुपर्ने उनको सुझाव छ । जोमसोम-मुक्तिनाथ सडकखण्ड कालोपत्रे गर्ने चरणमा रहेका कारण केही वर्षपछि भक्तजनको सङ्ख्या पनि बढ्दै जाने विश्वास गरिएको छ । रासस

# ओहोदाको पत्र ग्रहण

**काठमाडौं १० मंसिर ।**

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालस्थित विभिन्न मुलुकका राजदूतको ओहोदाको प्रमाणपत्र ग्रहण गरेकी छन् । नेपालका लागि संयुक्त अधिराज्य बेलायतका राजदूत रिचार्ड मोरिस र गणतन्त्र म्यानमारका राजदूत यु ल्वीन ओले राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति भण्डारीलाई आ-आफ्नो ओहोदाको प्रमाणपत्र बुझाएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

समारोहमा उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री कमल थापा, प्रधानसेनापति राजेन्द्र क्षेत्री, राष्ट्रपति कार्यालयका सचिव टेकप्रसाद ढुङ्गाना, परराष्ट्र सचिव शङ्करदास बैरागीलगायत सहभागी थिए ।

# नेवार समुदायले हलिमनी पून्य पर्व मनाए

**पोखरा १० मंसिर ।**

पोखरामा बासोवास गर्दै आइरहेका नेवार समुदायले वुधवार हलिमनी पून्य पर्व मनाएका छन् । गणेश गुठी समितिको पोखराको आयोजनामा पोखराको गणेशटोल स्थित गणेश मन्दिरमा उनीहरुले तीन फन्के रोटी सुकाउँदै, फूल उठेका मकैका विभिन्न आकृति बनाएर यो पर्व मनाएका हुन् । मन्दिर अगाडि मकै बाट बनाइएको हनुमान भटट्, तिल, पिडालु, चामलको खटटेबाट गणेश चन्द्रमा, स्वस्तिक, मुसो, मयुरको आकृति बनाएर यो पर्व मनाएका हुन् । आज मध्यरात अमृत वर्षा हुने जनविश्वासको आधारमा पर्व मनाइएको गुठीका अध्यक्ष विरेन्द्रकुमार बाटाजुले बताए । आजको दिन प्रत्येक घरघरमा सेलरोटी पकाउने प्रचलन रहेको स्थानीय महेश पालिखेले जानकारी दिए । मकै लगायतका बस्तुबाट बनाइएको प्रसाद स्वस्थानी पूर्णिमामा प्रसादको रुपमा प्रयोग गरिने स्थानीय मदनकाजी श्रेष्ठले बताए । कात्तिक पूर्णिमाको अवसर पारेर उक्त कार्यक्रम गरिएको र यस पर्वले पूण्य प्राप्ति हुने श्रेष्ठले बताए । पोखरामा बासोवास गर्ने नेवार समुदायले परापूर्वकाल देखि नै कात्तिक पूर्णिमाको दिन यो पर्व नमाउने गरेका छन् ।

# सङ्कटको साथी 'साझा यातायात'

**काठमाडौं १० मंसिर ।**

भारतको नाकाबन्दीका कारण इन्धन अभाव हुँदा सहज रूपमा यातायातको साधन सञ्चालन हुन नसके पनि साझा यातायात सर्वसाधारणको सङ्कटको साथी बनेको छ । दुई महिनादेखि भारतले गरेको नाकाबन्दीका कारण आमसर्वसाधारण ठूलो समस्या बेहोर्नु बाध्य छन् । नागरिकले यसरी समस्या भोगिरहँदा साझा यातायात अहिले नागरिकको साथी बनेको यात्रु स्वयम् बताउँछन् । लामो समय बन्द रहेर पछिल्लो समय २०७० साल देखि पुनः सञ्चालन भएको साझा यातायातबाट नागरिकलाई ठूलो सहयोग हुँदै आएको छ । नाकाबन्दीका कारण नागरिकले समस्या भोग्नुपरेकाले यात्रुको सहजताका लागि नै अहिले साझाले आफ्नो सेवा विस्तार गरेको साझा यातायातका कामु प्रमुख कार्यकारी निर्देशक पहेन्द्र पाण्डेले जानकारी दिए । सेवा विस्तारपछि लगनखेलदेखि बूढानीलकण्ठसम्म बस सञ्चालनमा छ । सेवा विस्तारमात्रै नभई यात्रुलाई थप सेवा होस् भन्ने उद्देश्यले अब छिट्टै २५ वटा बस थप्ने तयारी रहेको पाण्डेले बताए । अहिले उपत्यकामा १६ वटा साझा बस सञ्चालनमा छन् । सञ्चालनमा रहेका अन्य यातायातका साधनले जथाभावी भाडा असुल गरिरहँदा साझा बसले भाडा दर विद्यार्थीका लागि रु १० र अन्य नागरिकका लागि रु १५ निर्धारण गरेको छ ।

यातायातका साधन सहज रूपमा नपाउने र बढी भाडा लिने भएकाले यात्रुहरू पाएसम्म साझा यातायात नै चढ्ने गरेका छन् । बसमा यात्रा गरिरहनुभएका हरि शर्मा थोरै यात्रुले मात्र सेवा लिन पाएकाले यात्रुको चापलाई ध्यानमा राख्दै सक्दो छिटो बस थप्नुपर्ने बताउछन् । यस्तै पुरानो बसपार्कबाट कलङ्कीका लागि बस चढेकी सीता उप्रेती अहिले साझा बस विकल्पका रूपमा रहेकामा खुसी हुँदै सङ्ख्या थप गरी सेवा विस्तार गर्नेतर्फ व्यवस्थापनले सोच्न आवश्यक रहेको बताउछन् । यसरी यात्रुले साझा बसलाई बढी मन पराइरहँदा टिकट बिक्रीबाट बसले पनि तुलनात्मक रूपमा केही बढी आम्दानी गर्दै आएको छ ।
नाकाबन्दी अघि १६ वटा बसमा दैनिक १० हजार नागरिक चढ्दै आएका थिए भने अहिले झन्डै १५ हजार यात्रुले यस बसबाट सेवा लिने गरेका छन् । टिकट बिक्रीबाट दैनिक रु एक लाख ८० हजारसम्म आम्दानी गर्दै आएको कार्यकारी निर्देशक पाण्डेले बताए । "दुई महिनाअघि टिकट बिक्रीबाट दैनिक रु एक लाख ५० हजारमात्र अम्दानी हुने गरेको थियो" उनले भने ।

सञ्चालनमा रहेका सबै बसको एक पटकमा यात्रु बोक्न सक्ने सिट क्षमता ५४ रहेको छ । तर इन्धन अभावले गर्दा यातायात साधन कम चलेकाले यात्रुले उभिएरै पनि यात्रा गरिरहेका छन् । यात्रुको समस्या काठमाडौं उपत्यकामा मात्रै नभई बाहिर पनि रहेकाले सम्भव भएसम्म उपत्यका बाहिर पनि साझा बस सेवा सञ्चालन गर्न यात्रुले आग्रह गरेका छन् । रासस

# मस्यौदा समितिको संयोजक चयनमा दलबीच विवाद

**काठमाडौं १० मंसिर ।**

व्यवस्थापिका-संसद् नियमावली मस्यौदा समितिको संयोजक चयन गर्ने विषयमा नै सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दलबीच विवाद देखिएको छ । व्यवस्थापिका-संसद्लाई सञ्चालन गर्ने नियम लामो समयसम्म अन्तरिम रुपमा नै चलाउन नहुने भन्दै नियमावली बनाउने प्रयास स्वरुप छलफल आयोजना गरिएको भए पनि विवाद भएपछि कुनै पनि निष्कर्षमा पुग्न नसकेको हो ।
विद्यमान नियमावली संविधान सभाको आवश्यकता र महत्वलाई ध्यानमा राखेर निर्माण गरिएकाले पछिल्लो अवस्थाका काम नगर्ने भएकाले सचिवालयले नयाँ नियमावली बनाउन लागेको हो ।

तर बिहीबारको बैठकमा सत्तारुढ नेकपा (एमाले), एकीकृत नेकपा (एमाओवादी), नेकपा (माले) लगायतका दलले समितिको नेतृत्व आफूहरुले पाउनुपर्ने धारणा राखेका थिए भने नेपाली काँग्रेसले नियमावली तत्कालका लागिमात्रै हेरेर निर्माण नगरिने र लामो समयसम्मका लागि हुने भएकाले त्यसको नेतृत्व आफूहरुले पाउनुपर्ने अडान राखेको थियो ।

संसद्लाई सरकारले नै काम दिने भन्दै सत्तारुढ दल नै नियमावली बनाउने समितिको नेतृत्व पाउनुपर्ने बताएको थियो भने काँग्रेसले भने सदन प्रतिपक्षीको भएकाले त्यसमा आफ्नो अडान कायम रहेको जनाएको थियो । संविधानसभाका लागि निर्माण भएको नियमावलीले व्यवस्थापिका-संसद्मा काम नगर्ने भएकाले नयाँ नियमावली आवश्यक रहेको भन्दै सांसद धनीराम पौडेलले नेतृत्वका लागि झगडा गर्नुको कुनै अर्थ नरहेको बताए । सांसद कृष्णभक्त पोखरेलले सहजरुपमा नियमावली बनाउने दायित्व सत्तापक्षको भएको भन्दै नियमावली समितिको संयोजकमा एमाओवादीका सांसद रामनारायण बिडारीलाई प्रस्ताव गरेको जानकारी गराए । सांसद डा प्रकाशशरण महतले सदन विपक्षीको भएकाले नियमावली बनाउन सबैको सहमतिमा आफूहरुलाई नै नेतृत्व दिनुपर्ने र त्यसमा आफ्ना सांसद राधेश्याम अधिकारी उपयुक्त रहेको धारणा राखेका थिए । रासस

**खुशीको खबर !**



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
**नेपालमा सर्वाधिक रूचाईएको पेन्ट**

Study in
City of your choice
Intake for January & April-2016
Japan
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०८८५



**पञ्चमुखी लक्ष्मी सप्लायर्स**
हबेलीमार्ग, काजीपोखरी
पोखरा-१८
Soaltee
विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
**ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस**
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

**अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर**
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।
**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

**सस्तोमा जहाज टिकट**
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
**World Int'l Travels & Tours Pvt. Ltd.**
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

# भूकम्पपीडित राहत संकलन पर्यटन समिति विघटन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**



एक करोडको राहत सामाग्री वितरण गर्दै पोखरा लेकसाईडमा स्थापना भएको भूकम्प पीडित राहत संकलन पर्यटन समिति विघटन भएको छ। वैशाख १२ गते नेपालमा आएको विनाशकारी भूकम्पबाट प्रभावितहरुको लागि सहयोग गर्ने उद्देश्यले वैशाख १३ गते पोखरामा स्थापना भएको उक्त समितिले विहीबार २९ लाख २० हजार २ सय नगद सहित जिन्सी सामाग्री गरी एक करोड मूल्य बराबरको राहत सामाग्री भूकम्प प्रभावितहरुलाई वितरण गरिएसंगै विहीबारदेखि उक्त समिति विघटन गरिएको छ। खाद्य सामाग्रीतर्फ १३ लाख २ सय, यातयात तर्फ १५ लाख, त्रिपाल तथा कम्वल तर्फ १२ लाख ३५ हजार, औषधितर्फ ७० हजार, लत्ता कपडा तर्फ १ लाख ५० हजार र स्टेशनरीतर्फ १५ हजार खर्च भएको कोषाध्यक्ष लक्ष्मण बरालले जानकारी दिए। विहीबार पोखरामा एक समारोहका वीच भूकम्प प्रभावितहरुलाई सहयोग गर्ने दाताहरुलाई प्रशंसा पत्र वितरण गर्दै उक्त समिति औपचारिक रुपमा समापन भएको समितिका संयोजक गणेश बहादुर भट्टराईले बताए। समितिसंग ३ लाख मूल्य बराबरको त्रिपाल र कम्वल रहेकोले उक्त राहत सामाग्री पोखरा पर्यटन पुनर्जागरण समितिलाई प्रदान गरेको छ। कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले भूकम्प प्रभावितहरुलाई सहयोग गर्ने दाताहरुलाई प्रशंसा पत्र वितरण गर्दै राज्यलाई सहयोग पुग्ने गरी विपदको समयमा पर्यटन व्यावसायीहरुले पुऱ्याएको भन्दै देशमा भएको संकटको वेलामा पनि सहयोग गर्न आग्रह गरेका छन। भूकम्पपछि पोखरा क्षेत्रबाट मिछेकी जिल्ला सहित भूकम्प प्रभावित क्षेत्रमा हवाई मार्गबाट २ सय ६७ टन राहत सामाग्री र सडक मार्ग हुदै ३ सय १६ टन राहत सामाग्री प्रदान गरेको उनले जनाए।

प्रजिअ राउतले भने-हाल बजारमा माग र आपूर्तिको व्यवस्थापन नहुँदा बजारमा कालोबजारी मौलाएको छ।' केहि संस्था वा होटल तथा रेष्टुरेण्टहरुको लागि केहि ईन्धन ल्याउन सहज बनाउँदा केहि व्यक्तिहरुले त्यसलाई दुरुपयोग गरी पेशाको रुपमा कालोबजारी गर्दै आएकोले अब उनीहरु उपर प्रशासन कडा रुपमा उत्रिने उनले चेतावनी दिए। देशमा हाल विग्रदै गएको आर्थिक व्यबस्थालाई सन्तुलन राख्न सवैले सहयोग गर्नुपनेमा उनले जोड दिए। पोखरा पर्यटन परिषद्का अध्यक्ष सोम थापाले केन्द्र सरकारले क्षेत्रलाई कहिल्यै प्राथमिकतामा नराखेको गुनासो गरे। पर्यटन व्यवसायी टिकाराम सापकोटाले यहि अबस्थामा दुई साता अघि बढे पर्यटन क्षेत्र बन्द गर्नु पर्ने अवस्था आउने बताए। अभावै अभावले पर्यटन क्षेत्र गुज्रेको बताउँदै उनले अभावको बेला कालोबजारी मौलाएको र त्यसलाई रोक्न स्थानीय प्रशासनले नसकेको बताए। पर्यटन व्यावसायी अग्नी कर्णेल, चौ बहादुर गुरुङ, लक्ष्मण बराल, संजय सिग्देल, जयराम तिमिल्सिना, दोर्जे लामा लगायतले भूकम्प पछि नेपाल भ्रमणमा आएका पर्यटकहरुलाई सेवा सुविधा दिन नसेकेको कारणले यसले विश्व बजारमा दिर्घकालीन असर पर्ने भएको भन्दै चिन्ता व्यक्त गरेका थिए।

# वनको दाउरामा समेत कालोबजारी !

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

इन्धनको चर्को कालोबजारीले आम नेपाली नागरिक आजित भइरहेको समयमा वनमा रहेका काठ दाउरामा समेत कालोबजारी भएको उपभोक्ताहरुले गुनासो गर्न थालेका छन्। चिसाखोला सामुदायिक वन उपभोक्ता समिति पोखरा-२६, कास्कीमा निहीत वनमा रहेका काठ दाउरामा कालोबजारी भएको गुनासो स्थानीय उपभोक्ताले गरेकाहुन्। वर्षौंदेखि वनमा थन्किरहेको लाखौं पर्ने काठ दाउरा सस्तोमा रातारात बेचिएपछि आम वनका उपभोक्ताहरु आक्रोशित भएका छन्। जिल्ला वन कार्यालय कास्कीको स्वीकृतिविना करिब एक लाखभन्दा बढि मूल्य पर्ने काठ दाउरा २१ हजार रुपैयाँमा रातारात बिक्री भएपछि समस्या बढेको हो। १२५ जना सदस्य रहेको वन उपभोक्ता समितिले यहिमंसिर ५ गतेको बैठकले काठ दाउरा बेच्ने निर्णय गराएको, ६ गते सूचना टाँस गरेको २४ घण्टामा नै उक्त काठ दाउरा बिक्री गरिएपछि काठ दाउरामा कालोबजारी भएको भन्दै उपभोक्ताले गुनासो गरेका हुन्। जिल्ला वन कार्यालयमा पहिलेदेखि नै विवादमा रहेको उक्त काठ दाउरा वन कार्यालयमा जानकारी नै नगराइ इलाका वन कार्यालयका केहि कर्मचारीलाई जानकारी गराएको भन्दै दाउरा बिक्री गर्नु कतिसम्मको लापर्वाही हो। व्यक्तिको कित्तामा रहेको दाउरा काट्न नदिने वन कार्यालय तथा इलाका वन कार्यालयले सामुदायिक वनका दाउरा सहजै र सरल रुपमा बिक्री गर्ने अनुमतिदिनु आश्चर्यजनक निर्णय भएको देखिन्छ।

चिसाखोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष प्रेमराज अधिकारीले इन्धनको अभावले बाहिरी समूहले वनमा रहेको दाउरा चोरी निकासी गर्न थालेपछि अचानक काठ दाउरा बेच्नुपरेको बताए। उनले रातका समयमा वन हेर्ने हेरालोले वनको सुरक्षा गर्न नसक्ने जानकारी गराएपछि उक्त निर्णय गरेको अधिकारीको दाबी छ। आफूहरुले इलाका वन कार्यालयका कर्मचारीहरुलाई जानकारी गराएको बताएका अधिकारीले भने लाखौं पर्ने काठ दाउरा २१ हजार रुपैयाँमा बिक्री गरेपछि उपभोक्ता आक्रोशित बनेका हुन्। तर जिल्ला वन कार्यालय कास्कीका प्रमुख प्रभात सापकोटाले भने चिसाखोलावन सामुदायिक वन उपभोक्ता समितिमा निहीत रहेका काठ दाउराको समस्या रहेपनि आफूहरुलाई जानकारी नै नगराइ काठ दाउरा बिक्री गरेकोमा भने आपत्ति प्रकट गरेका छन्। सापकोटाले उपभोक्ता भित्रकै व्यक्तिलाई केही सस्तोमा काठ दाउरा बेचेपनि लापर्वाही ढंगले र मूल्य विनाको दाउरा बेच्न नपाइने बताउँछन्। समितिले दाउरा बेचेकोमा आफूहरुले पनि जानकारी लिने बताए।

कम्तिमा पनि ७ दिनको समय राखेर उपभोक्ताको बैठक डाक्नुपर्ने र जिल्ला वन कार्यालय वा इलाका वन कार्यालयका प्रतिनिधिको रोहवरमा गरिने कार्य चिसाखोला सामुदायिक वन उपभोक्त समिति आफैंले एकलौटी ढंगले उपभोक्ता कार्यसमितिकै जगत बहादुर परियार लगायतको ३ सदस्यलाई अति नै सस्तो मूल्यमा काठ दाउरा बेच्ने निर्णय गर्नु हास्यास्पद तथा लापर्वाही हो। वर्षौंदेखि बेवास्ता गरेर अचानक वनमा रहेका काठ दाउरा २४ घण्टामा नै बेच्दा कालोबजारि तथा भ्रष्टाचार रहेको हो कि भनेर भन्न समेत सकिने हुँदा के भएको हो त्यसको सार्वजनिक रुपमा छिटो भन्दा छिटो सम्बन्धित निकायले छानविन गर्नुपर्ने स्थानीयको माग छ।

# 'मधेशमा जारी आन्दोलन आन्दोलन होइन आतंकवाद'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका केन्द्रिय अध्यक्ष सुबोधराज प्याकुरेलले मधेशमा जारी आन्दोलन आन्दोलन नभइ आतंकवाद भएको बताएका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय कास्कीको आयोजनामा वर्तमान सङ्कट र मानवअधिकार रक्षकको अवस्था बिषयक छलफल कार्यक्रममा प्याकुरेलले उक्त कुरा बताएका हुन्। मधेश आन्दोलनका कुनै घोषित माग नभएकोले त्यो आन्दोलन नभइ आतंकवाद भएको उनको भनाइ थियो। प्याकुरेलले अहिले देश नालापानी पछिको राष्ट्रिय स्वाधिनताको दोस्रो लडाई लडिरहेकोले यो संकटको जनता स्वयमले नै प्रतिकार गर्नुपर्ने बताए। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय निमित्त निर्देशक सम्झना शर्माले सरकारले तराइमा जारी आन्देलनरत पक्षसंग वार्ता गरी जति सक्दो चाडो समस्याको समाधान गर्नुपर्ने बताए। साथै उनले समस्या समाधानका लागि आन्दोलनरत पक्ष र सरकार दुबै लचिलो हुनुपर्ने बताए। छलफल कार्यक्रममा पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य चन्द्रमणि अधिकारी लगायतले तराई मधेशमा जारी आन्दोलनको समाधान नखोजिए देश आर्थिक संकटमा फस्ने भन्दै सरकार समस्या समाधानमा केन्द्रित हुनुपर्ने बताएका थिए। कार्यक्रम अनौपचारीक क्षेत्र सेवा केन्द्र इन्सेक पश्चिमाञ्चलका क्षेत्रीय संयोजक शिव खकुरेलको अध्यतामा सम्पन्न भएको थियो।

**पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।**

# सोलार जडान

**गोरखा १० मंसिर ।**

गोरखाको सिम्जुङ-९ बालुवामा रहेको प्रसूति गृहमा सोलार प्यानल जडान गरिएको छ। विद्युत् अनियमितता हुँदा प्रसूति सेवा प्रवाहमा समस्या भएपछि सौर्य ऊर्जाबाट बत्ति बालिएको हो। स्वीस ट्रफिकल एण्ड पब्लिक हेल्थ इन्ष्टिच्युटको आर्थिक सहयोगमा नेपाल जनस्वास्थ्य सङ्घले सोलार प्यानल जडान गरेको हो। रु चार लाख ५० हजार खर्च गरेर गृहमा प्यानल जडान गरिएको जनस्वास्थ्य सङ्घका महासचिव सलाउद्दिन मियाँले बताए। भूकम्पले क्षति पुऱ्याएको प्रसूति गृह मर्मत गरी सञ्चालनमा ल्याइएको छ। रासस

# तनहुँ खबरका सम्पादक नेपालीलाई धम्की

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० मंसिर ।**

समाचार प्रकाशनको विषयलाई लिएर तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णराज पण्डितले पत्रकारलाई हात भाँच्ने धम्की दिएका छन। पण्डितले तनहुँको शुक्लागण्डकीबाट प्रकाशन हुँदै आएको पत्रिका तनहुँ खबर राष्ट्रिय दैनिकमा ग्यास वितरणमा अनिमियतता भएको समाचारको विषयलाई लिएर पत्रिकाका सम्पादक रामशरण नेपालीलाई तल्लो स्तरको गालि गलौज गर्दै एक हात अपाङ्ग भएका नेपालीलाई अर्को हात पनि भाँचेर जिन्दगी भरको लागि अपाङ्ग बनाईदिने धम्की दिएका हुन्। पत्रिकामा तनहुँको शुक्लागण्डकीमा ग्यांस वितरणका लागि गरिएको कुपन वितरणमा अनियमितता भएको समाचार प्रकाशन भएपछि आफ्नो नाम किन मुछेको भन्दै अध्यक्ष पण्डितले सार्वजनिक स्थानमा वोलाएर सम्पादक नेपालीलाई आपत्तिजनक शब्द प्रयोग गर्दै यस्तो धम्की दिएका थिए। उनले पत्रकार नेपालीलाई 'तँ खाते होस' जस्ता आपत्तिजनक शब्द पनि प्रयोग गरेका थिए। धम्कीप्रति तनहुँ खबर राष्ट्रिय दैनिकले घोर भर्त्सना गरेको छ। निर्वाध एवं स्वतन्त्र तवरले समाचार संकलन र सम्प्रेषण गर्न पाउने अधिकारमाथि हस्तक्षेप भएको भन्दै घटनाको छानविन हुनु पर्ने माग गरेको छ भने धम्की दिने व्यत्तिलाई कडाभन्दा कडा कानुनी कार्वाहीको लागि स्थानीय प्रशासनसंग पनि जोडदार माग गरेको छ।

# फुटपाथमा...

*फिर्ता नदिने परिपाटी बसाउनुपर्छ अनि मात्रै फुटपाथ नियन्त्रण गर्न सकिन्छ।' नगरपालिकाका कार्यकारी अधिकृतले सामानको मूल्याकंन गरेर शुल्क निर्धारण गरिदिने र त्यसपछि सामान फिर्ता गर्ने गरिएको चालिसेले बताए। नगरपालिकाले अहिलेसम्म जफत भएका सामानबाट न्यूनतम २ सयदेखि अधिकतम ३ हजार रुपैयाँसम्म जरिवाना लिएको छ। सडक ब्यापार प्रतिबन्ध लगाएको भनिएपनि अहिले पोखराका मुख्य चोकहरुमा पहिलेजस्तै फुटपाथमा बसेर ब्यापार गर्न सुरु भैसकेको छ। खासगरी शनिवारको दिन फुटपाथ ब्यापारीहरु बढी देखिने गरेका छन्। तत्कालिन समयमा नगरपालिकाले पृथ्वीचोक, चिप्लेढुङ्गा र बसपार्कमा गरी तीन ठाउँमा १ हजार ४६ जना फुटपाथ पसलेहरुलाई ब्यवस्थित गरेको थियो। तर अहिलेपनि २ सयभन्दा बढीले फुटपाथमा ब्यापार गर्न थालिसकेका छन्। नगरपालिकामा आवश्यक कर्मचारी, सवारी साधन र उचित पारिश्रमिक पाउन नसक्दा फुटपाथ अनुगमन प्रभावकारी हुन नसकेको अनुगमनमा काम गर्ने कर्मचारीहरुले बताएका छन्। अहिले नगरपालिकाको निरीक्षण शाखामा ११ जना कर्मचारी मात्रै कार्यरत छन्। तर नगरक्षेत्रको अनुगमन र प्रभावकारी काम गर्नका लागि कम्तिमा पनि ६५ जना नगरप्रहरीहरु आवश्यक पर्ने नगरपालिकाका निरीक्षण शाखा प्रमुख बसन्त चालिसेले बताए। नगरप्रहरी र सवारी साधन थप गर्न कार्यकारी प्रमुखलाई पटक-पटक अनुरोध गर्दापनि अहिलेसम्म सुनुवाई नभएको चालिसेले गुनासो गरे। सडक किनाराको फुटपाथमा जथाभावी तरकारी बजार राख्न थालेपछि त्यसलाई रोक लगाउन अन्य व्यवसायीले स्थानीय प्रशासनसँग माग गरेका छन्। सडक किनारमा तरकारी पसल राख्दा बजारको सौन्दर्य बिग्रनुका साथै सवारी र पैदल आवागमनमा समेत बाधा पर्ने भएकाले तत्काल यस्तो काममा रोक लगाउन उनीहरुले माग गरेका हुन्।*

*पृथ्वीचोकमा रहेको कृषि उपज बजार सञ्चालक समितिका व्यवसायीले फुटपाथमा जथाभावी तरकारी पसल राख्न दिँदा मूल्यमा एकरुपता नहुनुका साथै प्रदूषण समेत बढ्दै गएको गुनासो गरेका छन्। समितिमा आवद्ध व्यवसायीले फुटपाथ व्यवसायलाई तत्काल हटाउन समेत माग गरेका छन्। तरकारी बजार व्यवस्थित गर्ने भन्दै कृषि मन्त्रालयले २०५३ सालमा कृषि उपज बजार संचालन सम्बन्धी निर्देशिका ल्याएको थियो। निर्देशिकाकै आधारमा देशका २४ ठाउँमा कृषि उपज बजार समेत खुलेका थिए। पोखराको कृषि उपज बजार २०५७ देखि सुरु भएको समितिले जनाएको छ। पोखरा उपत्यका नगर विकास समितिको ४६ रोपनी जमिनमा १ सय २६ वटा सटर निर्माण गरेर ब्यवसायीहरुले अहिले ब्यवसाय गर्दै आएका छन्। व्यवस्थित बजारबाट मात्र तरकारी व्यवसाय गर्नुपर्ने प्रावधान भएपनि फुटपाथमा बसेर अरु व्यवसायीले व्यापार गर्दा लथालिंग भएको उनीहरुको गुनासो छ। फुटपाथ व्यवसायलाई ब्यवस्थित गर्नका लागि २०६९ चैतमा पोखरा उपमहानगरपालिका र समितिले थोक बजारको एक किलोमिटर परिधिभित्र अरु कसैले तरकारी बजार राख्न नपाउने गरी सम्झौता समेत गरेको थियो।*

# कास्की...

*फस्यौंट भएको छ। पोखरा उपमहानगर पालिकाले आर्थिक वर्ष २०६६/६७ मा सामाजिक सुरक्षा भत्ताका लागि लगेको रकम विकास निर्माणको काममा खर्च गरेपछि देखिएको बेरुजु गत माघ २२ गते नेपाल सरकारको बेरुजु खातामा दाखिला गरिदिएपछि जिविसको बेरुजु रकम पनि घटेको हो। आवश्यक विल भरपाई नभएका कारण आर्थिक वर्ष २०५१/०५२ देखि अहिलेसम्म जिल्ला विकास समिति कास्कीमा २२ करोड २६ लाख रुपैयाँ पेश्की बेरुजु फस्यौंट हुन बाँकी छ। यो मध्ये १ करोड ३६ लाख रुपैयाँ म्याद ननाघेको पेश्की हो भने अरु २० करोड ९० लाख चाहीँ म्याद नाघिसकेको एल ए नेपाल डटकमले जनाएको छ। बेरुजु रकम मध्ये पनि धेरैजसो पूर्व जनप्रतिनिधि र कर्मचारीहरुको नाममा रहेकाले फस्यौंट गर्न समस्या हुने लेखापाल बिष्णुप्रसाद बरालले बताए। कूल बेरुजुमध्ये २० प्रतिशत जति रकम फस्यौंट हुन नसक्ने खालको छ।*

*बाँकी रहेको पेश्की बेरुजु फस्यौंटका लागि पनि अभियानकै रुपमा लाग्ने कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले बताए। पेश्की बेरुजु फस्यौंट हाम्रो पहिलो एजेण्डा हो, उनले भने- यसका लागि सम्बन्धित सबैलाई निर्देशन दिईसकेका छौं, काम भैरहेको छ। नेपाल सरकार, संघीय मामिला स्थानीय विकास मन्त्रालयको बेरुजु फस्यौंट नीति तथा कार्ययोजना अनुसार हरेक स्थानीय निकायको कुल बेरुजुमध्ये ७५ प्रतिशत वा सो भन्दा बढी फस्यौंट गरेमा न्युनतम शर्त मापन तथा कार्यसम्पादन मूल्याकंनमा ३ अकं पाउने ब्यवस्था छ। यस्तै ४५ देखि ७५ प्रतिशतसम्म बेरुजु फस्यौंट भएमा २ र ४५ प्रतिशत भन्दा कम फस्यौंट भएमा अकं नपाउने ब्यवस्था गरिएको छ। जिल्ला विकास समिति कास्कीले भने गत आर्थिक वर्षमा कुल बेरुजु रकमको २८ प्रतिशत मात्रै बेरुजु फस्यौंट गरेको छ।*

*आर्थिक गुणस्तर मापन अनुसार कास्की जिविसको बेरुजु फस्यौंटको अवस्था निकै गुणस्तरहिन रहेको जिल्ला विकास समिति कास्कीका आन्तरिक लेखा परीक्षक रोमनाथ उपाध्यायले बताए। बेरुजु फस्यौंटका लागि अभियान नै चलाएर पेश्की शून्य बनाउनेतर्फ ध्यान दिनुपर्ने उपाध्यायको भनाई छ।*

# कामका लागि समान ज्याला माग

**काठमाडौं १० मंसिर ।**

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको प्रथम महिला भेलाले सबै ट्रेड युनियनले समान कामका लागि समान ज्यालाको सुनिश्चितताको माग गरेको छ। यही मङ्सिर ९ र १० गते काठमाडौंमा भएको भेलाले गरेका निर्णय सार्वजनिक गर्न आयोजना गरिएको पत्रकार सम्मेलनमा समन्वय केन्द्रका संयोजक सुधा दाहालले स्थानीय निकायका प्रमुख र उपप्रमुख पदमा महिला पुरुष आलोपालो प्रणालीका लागि व्यापक प्रचार अभियान तथा दवाव सिर्जना गर्ने जानकारी दिए। सांसद प्रभा बज्राचार्यले अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्र बनाउनपर्नेमा जोड दिँदै राज्यका हरेक निकायमा महिलामैत्री वातावरण निर्माण गर्नुपर्ने त्यसका लागि आवश्यक कानुन संशोधन गर्नुपर्ने बताइन।

**शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा**

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ। स्वास्थ्य लाभ लिनुहोला।

बिरामी जाँच : २०७२ मंसिर १२ गते शनिबार
समय : विहान ९ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
**परिचित मेडिकल हल**
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४




**सुन्दर हेयर एण्ड ब्युटी**

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ। साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ। प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ।




सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

**BABIN TAILORING**
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?



- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....

**बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग**
हुलाकचोक, बेनी — फोन: ०६९-५२०७६०
न्युरोड, पोखरा (भाटभटेनी सँगै) — फोन: ०६१-५२७४२०

DIGJAM Ashvira OCM Raymond

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा